# नेपाल गजेट

## नेपाल सरकारद्वारा प्रकाशित

खण्ड १ ] काठमाडौं चैत्र २६ गते ०८ साल [ संख्या ३५

बखत बखतमा प्रकाश हुने गजेटमा छापिने विषयहरू देहायको क्रमले रहनेछन् । तर यसमा हप्ता हप्तामा जुन जुन विषय प्रकाशित हुने ठहर्दछन्, तिनै तिनै विषयहरू छापिनेछन् ।

भाग १ ( क ) सरकारी घोषणा, इश्तिहार इत्यादि ।

( ख ) खारेजी र नयाँ ऐन, सार्वभौम सवाल, सनद इत्यादि ।

( ग ) सरकारद्वारा नियोजित कुनै कमेटी वा कमिशनको रिपोट इत्यादि ।

( घ ) नयाँ भर्ना, सरुवा, बढुवा इत्यादि ।

( ङ ) कायममुकायम तैनाथी इत्यादि ।

( च ) कानूनमन्त्रालय, न्यायालयको विज्ञप्ति इत्यादि ।

( छ ) जेल, पुलीस आदिको विज्ञप्ति इत्यादि ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ज) साधारण सूचना, उर्दी इत्यादि ।

(झ) जन्म मरणको संख्या ।

(ञ) हल्लाको खण्डन

(ट) अफिसरहरूको बिदा ।

(ठ) श्री ५ र मन्त्रीहरूको यात्रा, शुभेच्छा मण्डल आदिको कार्यक्रम ।

(ड) पब्लिक सर्भिसकमिशनको सूचना ।

(ढ) इलेक्सनकमिशनको सूचना ।

भाग २ (क) अर्थविभागसम्बन्धी विज्ञप्ति ।

(ख) सरकारी ब्याङ्क, मुलुकीखाना, कौशी आदिको प्रकाशित प्रचलित, मुद्रा, नोट र तत्सम्बन्धी सूचनासमेत ।

भाग ३ (क) उद्योग वाणिज्यसम्बन्धी सरकारी विज्ञापन इत्यादि ।

(ख) नियन्त्रित बजारभाउ, मुद्राविनिमय इत्यादि ।

भाग ४ (क) खाद्य कृषि, भूमिसुधारसम्बन्धी सूचना इत्यादि ।

(ख) याम, हावा, पानी र बालीनालीको सूचना इत्यादि ।

भाग ५ (क) शिक्षासम्बन्धी सूचना ।

(ख) शिक्षाविभागको परीक्षाफल ।

भाग ६ (क) स्वायत्त शासनसम्बन्धी प्रबन्ध, सूचना इत्यादि ।

(ख) नगरपञ्चायत ।

(ग) ग्रामपञ्चायत ।

भाग ७ (क) स्वास्थ्यसम्बन्धी विज्ञप्ति, सूचना इत्यादि

(ख) रोगग्रस्त भई मर्नेको संख्या ।

भाग ८ वनविभागसम्बन्धी विज्ञप्ति, सूचना इत्यादि ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

भाग ९ साधारण राज्यव्यवस्था र परराष्ट्रविभागसम्बन्धी विज्ञप्ति सूचना इत्यादि।

भाग १० रक्षाविभागसम्बन्धी विज्ञप्ति सूचना इत्यादि।

भाग ११ यातायातविभागसम्बन्धी विज्ञप्ति सूचना इत्यादि।

भाग १२ संसद्—सम्बन्धी सूचना, विज्ञप्ति इत्यादि।

भाग १३ विकास तथा योजनासम्बन्धी विज्ञप्ति, सूचना इत्यादि।

# गृहमन्त्रालयको विज्ञप्ति

## भाग १

विधानपरिषद्का सदस्यको निर्वाचनसम्बन्धी प्रारम्भिक काम योजनाबमोजिम चलिरहेछ। हाल मतदाताको नामावली बनाउने काम भइरहेछ। भरमुलुकमा जिल्ला, गौंडा, गढी, गोस्वाराका बडाहाकिमहरूलाई आवश्यक निर्देशपत्र, फाराम र अरू कागजातहरू फाल्गुन मैन्हाको पहिलो हप्तादेखि नै यहाँबाट चलान गरियो र तपसीलको मितिमा भिन्न भिन्न ठाउँमा पुग्यो। नामावली बनाउने कामको निमित्त २ महीनाको म्याद दिइएको छ। तराई पहाडका धेरैजसो बडाहाकिमबाट म्याद्भित्रै काम तामेल गरिदिने आश्वासन आएको छ। नामावलीको मसौदा तयार भएपछि त्यसलाई छपाईने र प्रकाश गरिनेछ। नामावलीमा छूटमूट सच्चाउन, भूलसुधार गर्न हरेक निर्वाचनक्षेत्रको निमित्त विशेष अफिसर नियुक्त हुनेछन्। निजलाई नामावली दोहोर्‍याउने अफिसर भनिनेछ। दोहोर्‍याएको नामावली अन्तिम तवरले प्रकाशित हुनेछ। निर्वाचनमा यही नामावली काममा लगाइनेछ।

निर्वाचन गर्न नामावली बनाउने काम बडा झन्झटको र समय लाग्ने हुन्छ। यातायातको कठिनाइले झन् गाह्रारो पर्छ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागू हुनेछ।